नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (NEPSE)

सिंहदरबार प्लाजा, काठमाडौं ।

सन्राइज क्यापिटल लिमिटेडको सामूहिक लगानी कोष योजना अन्तर्गतको सन्राइज फोकस्ड इक्विटी फण्ड (SFEF) को सूचीकरण गरिएको

## सूचना

आज मिति २०७९/१२/२२ का दिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड बीच प्रति इकाई मूल्य रु.१०/- कायम भएको १०,००,००,००० सामूहिक लगानी कोष इकाईको सन्राइज फोकस्ड इक्विटी फण्डको सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीको दोस्रो बजार कारोबारको लागि उक्त धितोपत्रको Symbol SFEF कायम गरिएको छ । कम्पनीले सर्वसाधारण समक्ष सन्राइज क्यापिटल लिमिटेड मार्फत् १०,००,००,००० इकाई धितोपत्र खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारणमा वितरण गरिएको १०,००,००,००० इकाई धितोपत्र (सामूहिक लगानी कोष) वितरण भई यस स्टक एक्सचेञ्जमा धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०७९/१२/१६ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : मिति २०७९/१२/२२ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजारको कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १, कमलपोखरीमा रहेको र सूचीकरण पश्चात् दिनु पर्ने RTS सम्बन्धी सेवा सन्राइज क्यापिटल लिमिटेड, काठमाण्डौ बाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०७९/१२/२२